# ५ ख्रीष्टमा बढ्नु

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्</u>:* यशैया ३५:१०, मर्कूस १०:४५, रोमी ६:१२-२३, एफिसी ६:१२, कलस्सी १:१६, गलाती ४:१-११, कलस्सी २:१५।

*<u>स्मरण गर्नुपर्ने पद</u>:* "सैतानका अस्त्रशस्त्र र शक्तिहरूलाई येशूले निश्क्रिय पार्नुभयो। उहाँले सार्वजनिक रूपमा उसको भण्डाफोर गर्नुभयो। क्रुसमा मर्नुभएर येशूले सैतानसँगको लडाईँ जित्नुभयो।" (कलस्सी २:१५ रूपान्तरित)।

<u>मूल सोचः</u> क्रुसमा प्राप्त गर्नुभएको ख्रीष्टको बिजय आँशिक नभएर पूरा नै थियो। येशूभक्तहरू वढ्न उहाँको त्यो विजयलाई दावी गर्न सक्दछन्।

केहि वर्ष अघि सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको मौलिक विश्वासहरूमा अर्को एउटा थपिएको थियो। त्यो सन् २००५को साधारण सभाले अनुमोदन गरेको थियो। त्यस थपिएको विषय थियो, "ख्रीष्टमा निरन्तररूपमा वढ्नु"। त्यस वक्तव्यमा देहायका बुँदाहरू समावेश गरिएको छः (१) येशूले सैतान र उसका फौजहरूलाई हराइदिनुभयो (२) ख्रीष्टद्वारा नै विश्वासीहरूले ती सैतानका फौज र शक्तिहरूमाथि बिजय प्राप्त गर्न सम्भव छ, (३) अन्तमा विश्वासीहरूले आफ्नो जीवनमा त्यो विजयको आभास पाउन केहि शर्तहरू पूरा गर्नुपर्दछ।

अबको तिन अध्यायहरूमा ती विषयवस्तुहरूको अध्ययन गरिनेछ। ख्रीष्टले क्रुसमा कसमाथि विजय पाउनुभयो भन्ने बिजय प्राप्त गरिएको प्रवृत्ति वा स्वभावको बारेमा यस अध्यायमा छलफल गर्नेछौं। क्रुसमा मर्नुभएर बिउँतिनुहुन्दा ख्रीष्टले हाम्रो निम्ति मुक्ति उपलव्ध गराउनुभयो।

ख्रीष्टले हाम्रो निम्ति के गर्नुभयो भन्ने आत्मज्ञानमा परिपक्व हुनसक्यौं भने वर्तमान जीवनमा नै हामीले के उपभोग गर्न सक्छौं भनेर राम्रोसँग बुझ्न तयार हुन्छौं। यदि हामीले दावी गर्नसक्यौं भने ख्रीष्टको विजय हाम्रो पनि हुनसक्दछ। त्यसैकारण येशूले हाम्रो निम्ति जे

गर्नुभएतापनि त्यसलाई हामीले स्विकार गर्नु अनिवार्य छ। कसैलाई पनि विजय स्वःत दिइन्दैन।

## १. परमेश्वरले तर्जुमा गर्नुभएको मानिसको लागि मुक्ति (तितस २:१४)

इसाई धर्म मानिसलाई दिने मुक्तिको धर्म हो। येशूलाई विश्वास गर्ने मानिसले अर्थहिनमा लाग्नुपरेको मानव जीवनबाट राहत पाएको अनुभव गर्दछ। पापले गर्दा बिग्रीएको, दुःखपिडा र आहतमा परेका धेरै मानिसहरूलाई त्यसबाट छुट्कारा दिएर येशूले मुक्तिको राहत दिनुभएको छ। विधिविधान, संस्कार परम्परा आदिको भुमरीमा हराउनु परेको मानिसहरूलाई केवल येशूको कार्यले मात्र मुक्ति पाउँछ भन्ने धर्मदर्शनले अरू धर्मदर्शनसँग अलग गराउँछ। धार्मिक परम्परा मान्नेहरूले "यो गर्नुपर्छ त्यो गर्नुपर्छ, नत्र यो हुन्छ त्यो हुन्छ" भनेर त्रसित गराउँछ र केवल आफूले असल काम गरे मात्र स्वर्ग पाइन्छ नत्र नर्कमा पर्नुपर्छ भन्ने डरमा मानिसहरूलाई पारिरहेको हुन्छ। तर हामीहरूको जुनसुकै असल काम, त्याग तपस्या र अथक प्रयासले हामीलाई मुक्ति दिँदैन भनेर बाइबलले स्पष्ट धारणा राख्दछ। ख्रीष्टबिनाको जीवन बिताइरहेको मानिस पापको दासमा परेको हुन्छ (१ यूहन्ना ८:३४) र मृत्युको फैसलामा परिरहेको हुन्छ (रोमी ६:२३) भनेर पनि बाइबलले सिकाउँदछ। ती दुई अवस्थाबाट मानिस आफैले छुटकारा दिलाउन सक्दैन। प्रत्येक मानिस स्वःत पापी भएकोले न त आफूले आफैलाई मुक्ति कमाउन सक्दछ न त अरूलाई दिलाउन सक्छ त्यसकारण अर्कै व्यक्तिको क्रियाकलापको आवश्यक पर्छ भन्ने बाइबलको विद्या छ। त्यो क्रियाकलापको मोल हुन्छ। नयाँ करारले देखाएको त्यो मोल हो, येशू ख्रीष्ट क्रुसमा मर्नु।

परमेश्वरले तर्जुमा गर्नुभएको मुक्तिको अवधारणा कस्तो छ भनेर देहायका पदहरूले हामीलाई कसरी सिकाउँदछः यशैया ३५:१०, मर्कूस १०:४५, गलागी ४:४,५, तीतस २:१४, हिब्रू ९:१२ र १ पत्रुस १:१८,१९?

पापले गर्दा हामी मर्नुपर्ने सट्टा ख्रीष्ट मर्नुभयो तथा उहाँ बलि हुनुभयो भनेर नयाँ करारले हामीलाई बताउँदछ। पापले गर्दा मृत्युदण्ड पाएका हामीहरूको स्थानमा येशू क्रुसमा मर्नुभयो। स्वःइच्छाले हाम्रो निम्ति उहाँले आफ्नो ज्यानलाई आहुति दिनुभयो। हामीले पाउनुपर्ने

सजायँ उहाँले भोग्नु भयो जसले गर्दा त्यो सजायँ हामीले भोग्नुपर्ने आवश्यकता भएन। कत्तिले त्यो  अवधारणालाई श्विकार गर्न चाहन्दैन। आफ्नै खुट्टामा उभिन्छु, मेरो लागि कसैले पनि दुःख पाउनुपर्दैन भनेर फुस्रो घमण्डले कतिपय कुर्लेको हुन्छ। फेरि दोषीको निम्ति निर्दोषी मानिस मर्नुपर्‍यो भन्ने तर्कत झन अनुचित भएको कतिपयले ठान्दछन्। तर सुसमाचारको विशेषता भनेकै त्यहि हो।

“जब नयाँ करारले मानिसको मोक्ष वा मुक्तिको बारेमा चर्चा गर्दछन् त्यसको अर्थ ख्रीष्टले हाम्रो मुक्तिको निम्ति तिर्नुभएको मोल हुन आउँछ। पापको पूरा मोल तिर्न वा मोल पूरा चुक्ता गर्न त्यसको विकल्पको आवश्यकता पर्दछ। (अर्थात् येशूले हाम्रो पापको मोल तिर्न क्रुसमा मर्नुभयो)।"- लियोन मोरिस, द आपोस्टलिक प्रिचिङ्ग अभ द क्रस (ग्राण्ड रापिडस्ः विलियम बी, इयरडमास् पब्लिशिङ्ग कम्पनी, १९६५), पृ. ६१बाट रूपान्तरित।

तपाईंको जीवनमा केहि यस्तो आचरण वा बानी छ जुन आफ्नो अथक प्रयासले बदल्न असम्भव पाउनुभएको छ? चाहन्दा चाहन्दै पनि निरह भएर तपाईंले त्यस आचरणलाई पूरा फेर्न सक्नुभएको छैन होला। त्यसै गरेर हामी आफैले आफैलाई मुक्ति दिन सक्दैनौं वा मोक्ष कमाउन सक्दछौं। ती कुराहरूबाट ख्रीष्टले हाम्रो निम्ति क्रुसमा गर्नुभएको कामको सराहना कसरी गर्न सक्दछौं? अझ महत्त्वपूर्ण कुरो त यो छ, हामीलाई मुक्ति दिन गर्नुभएको येशूको त्यस उदेकको पुनित कार्यले हामीलाई कसरी प्रभाव पार्न सक्नुपर्दछ?

## २. सच्चा रूपमा मुक्ति पाएका पापको काबुमा रहेका मानिसहरू (रोमी ६:१२-२३)

मुक्ति वा मोक्ष पाउनु भनेको पापको नियन्त्रणबाट स्वतन्त्र हुनु हो। पापको दासत्वबाट आफै फुट्किन सक्दैन। त्यसकारण बाहिर शक्तिको आवश्यक पर्दछ। पापको चँगुलमा परेकाहरू आफूभन्दा बलियो अदृष्य शक्तिको मातहतमा छौं भनेर स्विकार गर्नुपर्छ। अनि त्यसपछि यो प्रश्न उठ्दछः पापी मानिसहरू कस्तो शक्ति वा बिरको धरापमा परिरहेको छ?

रोमी ६:१२-२३ पढ्नुहोस्। विशेष गरेर पावलले उल्लेख गरेका स्वतन्त्रताको विषयमा पद १८, २० र २२ पढ्नुहोस्। सबैले मुक्तिको बारेमा कुरा गर्छन्, भाषण छाँटछन्, आश्वासन दिन्छन्, मुक्तिको लागि रगत उमाल्छन्, तर मुक्ति वा स्वतन्त्रताको अर्थ के हो त? पावलले के कुरा हामीलाई बताइरहेका छन्?

**माथिका पदहरूसँग रोमी ६:१-११ मिलाएर पढ्नुहोस्। ती दुवै अँशहरूमा पावलले के भनिरहेको छ सो सोच्नुहोस्। येशूभक्तको जीवनमा बप्तिस्मा लिएपछि कस्तो परिवर्तन हुन्छ भनेर पावलले बताइरहेका छन्। बप्तिस्मा लिएपछि के के कुराहरू ख्रीष्टसँग मर्दछन् भनेर उनले खुलासा गर्दछन्। अनि पापको चक्रव्युहबाट छुटकारा दिने ख्रीष्टको सम्मानको गर्न र उहाँको प्रभुत्वलाई स्विकार गर्न बप्तिस्मामा डुवेका इसाईहरूलाई पावलले चुनौति दिँदछन्।**

**पावलले मूल कुरा हामी सबैलाई चुनौतिसाथ भन्न खोजेकोचाहिँ यो होः जस्तोसुकै हामी पापी स्वभावका भएतापनि ख्रीष्टले गर्दा हामी पापको दासत्वबाट स्वतन्त्र हुनसक्दछौं। मानव जीवनमा पापबाट ल्याएको विध्वंस कसलाई थाहा छैन र? पापको नियन्त्रणमा हुँदा मानिसहरूको जीवन तहसनहस भएको कस्लाई थाहा छैन र? पापसँग संघर्ष नगरेको जीवन कस्को होला र? हामी सबै मानिसको साझा शत्रु पाप हो। यो भन्दा ठूलो महाशत्रु अरू कोहि पनि होइन। सारा मानव जात पापसँग कुनै न कुनै रूपमा भिडिनै रहेका हुन्छन्।**

**अचम्मको कुरो त यो छ कि हामीले खप्नु परेको पापको दासत्वको जीवन बाहिरबाट नभएर हाम्रै भित्रबाट हो। हाम्रो भित्रि जीवनमा रलमलिएको पाप अत्यन्त घाटक हो। हाम्रो स्वभावमै प्रदुषित भएको पाप तथा पापको खतनमा रहेको हामी, त्यसबाट स्वतन्त्र कसरी हुने?**

**त्यसको जवाफ केवल येशूको शक्तिमा मात्र छ। हाम्रो निम्ति उहाँ जित्नु भयो, र उहाँले जुन शक्तिबाट विजय पाउनुभयो त्यहि शक्ति हामीलाई दिन उहाँ उच्छुक हुनुहुन्छ। ख्रीष्टद्वारा हाम्रा सबै पापहरू क्षमा गरिएका हुन्छन्। पाप हाम्रो निम्ति मरिसकेको हुन्छ। अनि हामी ती पापबाट स्वतन्त्र भएको हुन्छौं। तिनीहरूले हामीलाई नियन्त्रण गर्न सक्दैन। त्यो कुनै मनगढन्ते आश्वासन नभएर अचम्म र शक्तिशाली**

बाचाहरू हुन्। तर सबै जना स्वःत त्यस शक्तिको अधिकार उपभोग गर्न सक्दैन। तर केवल जसले ख्रीष्टलाई ग्रहण गर्छ र उहाँको नाउँमा ती वाचाहरू दावी गर्छन् ती तिनीहरूको निम्ति प्रदान गरिएको हुन्छ।

पापको दासत्वको जीवन बिताउनु भनेको के हो भनेर तपाईंको आफ्नै अनुवभ के हो? येशूले प्रदान गर्नुभएको स्वतन्त्रताको उदेकका प्रतिज्ञाहरूलाई तपाईंले कसरी राम्रोसँग पकडी राख्न सक्नुहुन्छ?

## ३. सैतानका दूतहरूको चलखेल र परमेश्वरबाट टाडा राख्ने अदृष्य शक्तिहरू: भाग १

हाम्रो पृथ्वी दुष्ट फौजको नियन्त्रणमा छ र सबै मानव जातिलाई सर्वनाश गर्न तम्सिरहेकाछन् भनेर बाइबलले स्पष्ट रूपमा चित्रण गर्दछ। ती अदृष्य शक्तिहरूसँग सामना गर्ने परमेश्वरको उपायलाई नै महान् मतभेदको लडाईं भनेर नामाङ्करण गरिएको छ। यस संसारमा संग्राम जारी रहेतापनि क्रुसले गर्दा ती शक्तिहरूसँगको विजय निश्चित भएको छ। यो सन्देश नै बाइबलले हामीलाई बताएको महान् आत्मज्ञान हो। लडाईं भिषण छ, मानिसले थाम्न नसक्ने छ, यो अति ठूलो छ, तैपनि त्यसको विजय परमेश्वरमै निहित भएको छ। विश्वासद्वारा हामी त्यस विजयमा सहभागी हुनसक्दछौं।

देहायका पदहरू पढ्नुहोस्: १ यूहन्ना ३:८, १ यूहन्ना ५:१९, यूहन्ना १२:३१, यूहन्ना १६:११, एफिसी ६:१२, कलस्सी १:१६, कलस्सी २:१५ र रोमी ८:३८,३९। परमेश्वर र सैतानको वीचमा भइरहेको संघर्ष काल्पनिक नभएर यथार्थ हो भनेर ती पदहरूले हामीलाई कसरी बताउँछन्? त्यस लडाईंमा हामी पनि परिरहेका छौं भनेरर ती पदहरूले कसरी खुलासा गर्दछन्। फेरि त्यसै समयमा हाम्रो निम्ति महान् आशा र वाचाहरू ती पदहरूमा कसरी झल्काइदिएका छन्?

एक्काइसौं शताव्धीका प्रायजसो धेरै मानिसहरूले संसारलाई वैज्ञानिक दृष्टिकोणले मात्र हेर्न चाहेको देखिन्छ। यसको अर्थ संसारको जुनसुकै थोक पनि वैज्ञानिक प्रयोगशालामा प्रमाणित गर्न चाहेको देखिन्छ। आफूले नबुझेको कुरालाई दैविप्रकोप भनेर पन्छाइदिन्छ। त्यसलाई प्राकृतिक प्रक्रिया भनेर परमेश्वरमाथिको विश्वासलाई लत्याएर

प्रकृतिलाई श्रेय दिन खोजेको पाइन्छ। ती दुई दृष्टिकोणमा सत्य छ भनेर धेरैले विश्वास गर्न चाहन्छ। यस्ता मानिसहरूलाई दुष्टका फौज र सैतानका आत्माहरूका चलखेल केवल अन्धविश्वास, काल्पनिक, अज्ञानता र नभएको वा नजानेको कुरालाई लिएर बेकारमा त्रसित हुने काम भनेर खिल्ली उडाइदिन्छ। तर सैतान र उसका शक्तिहरूले यस संसार र यस संसारका मानिसहरूलाई नियन्त्रण गर्न संघर्ष गरिरहेकाछन् भनेर बाइबलले खुलासा गर्दछन्।

रोमी ८:३८मा "प्रधानताहरू" भन्ने शव्द प्रयोग गरिएको छ। ग्रीक भाषामा त्यो शव्द आरकाइ (**archai**) हो। त्यसको अर्थ सरकारी शासकहरूको साथै मानिसको जीवनलाई नियन्त्रण गर्न चाहने सैतानका शक्तिहरू हुन्। "यस संसारका अन्धकारका शासकहरू" भनेर एफिसी ६:१२को वाक्यलाई "यस अन्धकारलाई रजाइँ गर्ने विश्वका शासकवर्ग" भनेर पनि अनुवाद गर्न सकिन्छ।

"यस संसारलाई चलखेलमा राख्ने सक्रिय दुष्ट आत्माहरूलाई पावलले स्पष्ट रूपमा औंल्याउँदछन्। "यस संसारको राजकुमार" भनेर येशूले सैतानलाई औंल्याउनु भएको अभिव्यक्तिसँग त्यो कुरा मिल्दछ (यूहन्ना १२:३१, यूहन्ना १४:३० र यूहन्ना १६:११)। प्रकाशको पुस्तकको लेखक यूहन्नाले सैतान काल्पनिक नभएर साँच्चिकै व्यक्ति हो भनेर स्पष्ट किटान गरेको पाइन्छ (प्रकाश २:१०, प्रकाश १२:१०)।"- *एसडिए बाइबल कमेन्टरी,* ठेली ६, पृ. १०४४बाट रूपान्तरित।

तपाईंको व्यक्तिगत जीवनमा परमेश्वर र सैतानको बीचमा भइरहेको महान् मतभेदको संग्रामको अनुभव कस्तो छ? जब तपाईंको निम्ति ख्रीष्टले बिजय प्राप्त गर्नुभयो भनेर वचन दिएको छ भने तपाईंको जीवनमा भइरहेको आन्तरिक गृहयुद्धलाई नियन्त्रण गर्न कस्तो उपाय अपनाउन सक्नुहुन्छ?

## ४. सैतानका दूतहरूको चलखेल र परमेश्वरबाट टाडा राख्ने अदृष्य शक्तिहरूः भाग २ (कलस्सी २:८,१४,२०)

प्रधानताहरू भनेको मानिसको जीवनमा चलखेल गर्ने वा नियन्त्रण गर्ने शैतानका आत्माहरू वा संसारका शासकहरू हुन् भनेर हामीले अघिल्लो बुँदामा हेरेका थियौं। त्यहि प्रधानताहरू भन्ने ग्रीक भाषाको

आर्किया शव्दको साथै त्यसलाई वाख्या गर्न अर्को शव्द पनि प्रयोग गरिन्छ, त्यो हो स्टोइकिया **(stoicheia)** । त्यसको अर्थ हो "तत्वहरू" । हाम्रो पापी संसारको अर्को पक्षलाई त्यस शव्द स्टोइकिया प्रयोग गरेर वाख्या गरिएको छ। त्यहि पापी संसारबाट छुटकारा दिन नै ख्रीष्टले क्रुसमा विजय प्राप्त गरेर हाम्रो निम्ति मोल तिर्नुभएको थियो।

हामीले अध्ययन गरेको आधारमा हेर्‍यौं भने खास दुष्ट शक्तिबाटबाहेक येशूले अर्को कुन् तत्वहरूबाट हामीलाई मुक्ति दिनुभएको छ? कलस्सी २:८,१४,२० र गलाती ४:१-११ विशेष गरेर पद ३ र ९ पढ्नुहोस्।

मानिसको जीवनमा सैतानका आत्माले नियन्त्रण गर्नु भनेको केवल अदृष्य आत्मासँग संघर्ष गर्नुमात्र नभएर ख्रीष्टको दायरबाट बाहिरिएका कुनै समूह वा सरकारी नेता वा शासकहरू पनि हुन् भनेर नयाँ करारले औंल्याएको देखिन्छ। ती समूह वा अगुवा वा शासकहरू भनेको राजनैतिक, परम्परावादी, सामाजिक र धार्मिक हुनसक्दछ। गलाती ४:३, ९मा पावलले प्रयोग गरेको स्टोइकिया शव्द ती शासनप्रणालीहरू हुन् जसलाई परमेश्वरलाई विश्वास नगर्ने तर काल्पनिक देविदेवताहरूलाई पूजा गर्ने समूहलाई औंल्याइएको पाइन्छ। त्यस प्रणाली वा व्यवस्थाबाट गलातीका इसाई विश्वासीहरूलाई स्वतन्त्र बनाइएको थियो। प्रारम्भिक बाइबलको समयमा त्यस शव्द यहूदीहरूको कानुनी प्रणालीको भागलाई पनि जनाएको पाइन्छ। र कलस्सी २:८,१०,२०मा सांसारिक झुठो शिक्षा वा दर्शनको चर्चा गर्न त्यहि शव्दलाई प्रयोग गरेको पाइन्छ।

"यशैया २४:२१मा प्रयोग गरिएका शव्दहरू, 'पृथ्वीमा राज गर्ने संसारका राजाहरू' र 'उच्च स्थानमा रहेका उच्चहरू' अर्थात् 'स्वर्गका शक्ति र तल पृथ्वीका राजाहरू'को अर्थ सैतान र उसका दुष्ट दूतहरू भन्ने आभास दिन्छन्। पावलले सैतानलाई 'आकाशका शक्तिका मालिक' भनेर सम्वोधन गर्दछन् (एफिसी २:२)। अदृष्य दुष्टका अगुवाहरूलाई 'यस संसारका अन्धकारका शासकहरू' जो 'उच्च स्थानहरूमा ' बस्दछन् भनेर उनले बताउँदछन् (एफिसी ६:१२)। येशूद्वारा ती शक्तिहरूको हार भएको पावलले १ कोरन्थी १५:२४,२५मा पावलले औंल्याउँदछन्। दुष्ट स्वर्गदूतहरू र दुष्ट मानिसहरूको अन्त्यको बारेमा यशैयाले भविष्यवाणी

गरेका थिए। (मत्ती २५:४१, २ पत्रुस २:४,९ र प्रकाश २०:१०-१५ पढ्नुहोस्)।"-*द एसडिए बाइबल कमेन्टरी,* ठेली ४, पृ. १९८, १९९बाट रूपान्तरित।

संक्षेपमा, हाम्रो जीवनमा व्यक्तिगत र अदृष्य जीव दुवै शक्तिहरूले राज गर्दछन् भनेर बाइबलले हामीलाई सिकाउँदछन्। ख्रीष्टबिना मानवजात ती शक्तिहरूको चलखेलमा परिरहेकाहुन्छन्। वर्तमान समयको दवाव र व्यस्तता, भविष्यको त्रास, जीवन धाउन्न विभिन्न मागहरू, अनेकन् विधिविधानहरू, सरकार वा विभिन्न वादहरूले मानिसलाई परमेश्वरबाट अलग राख्ने वातावरण बन्न सक्दछ। तर ख्रीष्टले गर्नुभएको हाम्रा पापको क्षमाको सन्दर्भमा हामीहरूलाई ती शक्तिको दासत्वबाट स्वतन्त्र बनाउनुभएको छ। त्यस विजयको स्वभाव हामीले बुझ्नुपर्दछ र त्यो विजय हाम्रो हो भनेर दावी गर्नुपर्दछ।

माथिका अदृष्य शक्तिहरू र प्रत्यक्षरूपमा हाम्रो संसारका शक्तिहरू बाहेक अरू के छन् जसले तपाईंको र तपाईंको विश्वासको खिलाफमा काम गरिरहेकाछन्? ती शक्तिहरू को हुन् भनेर तपाईंले थाहा पाउनुपर्दछ, जसले गर्दा येशूले गर्नुभएको विजयका प्रतिज्ञाहरू तपाईंका हुन् भनेर दावी गर्न सक्नुहुनेछ त्यसबाट फायदा उठाउन सक्नुहुनेछ।

## ५. हत्याराको फण्डाफोर (कलस्सी २:१५)

मानिसहरूलाई अनेक किसिमले वहकाएर नास पार्ने सैतानका कामहरूलाई ध्वस्त पार्न येशू आउनुभएको थियो (हिब्रू २:१४)। क्रुसमा त्यो काम सम्पन्न गर्नुभयो। यदि सैतान र उसका शक्ति र निकायहरूमाथि येशूले बिजय पाउनुभयो भने त्यहि सैतान, उसका शक्ति र निकायहरूसँग हामी किन भिँडिरहेका छौं त? अनि पत्रुसले भनेको जस्तो सैतान किन सिहँ जस्तो हामीलाई नास गर्न यस संसारमा चहार्दैछन् त? यस सन्दर्भमा कलस्सी २:१५ हेरौंः

"येशूले प्रधानताहरू (मानिसलाई नियन्त्रण गर्ने सैतानका निकायहरू) र शक्तिहरूलाई निःशस्त्र पारी ती सबैमाथि क्रुसमा विजय प्राप्त गर्नु भयो, र तिनलाई खुलमखुल्ला तमाशा बनाइदिनुभयो ( जगतको अगाडि अर्थात् भण्डाफोर गर्नुभयो) ।" (रूपान्तरित)। माथिको

पदमा क्रुसमा के भयो भनेर स्पष्ट पार्न पावलले तिनवटा क्रियापदहरू प्रयोग गरेका छन्। त्यसलाई हामीले कसरी बुझ्ने?

**प्रथमतः ख्रीष्टले सैतानका शक्तिहरूलाई निःशस्त्र पार्नुभयो। त्यस क्रियापदलाई ग्रीक भाषामा आपेकडुवमेआई (apekduomai) प्रयोग गरिएको छ। त्यसको अर्थ निःवस्त्र हो। यहाँ सैतान र उसका फौजहरूले प्रयोग गरेका अस्त्रहरूलाई येशूले निष्क्रिय पारी दिनुभयो।**

**त के अस्त्र त? "क्रुसमा अन्त्य भएको येशूको विजयी जीवनको अर्थ सैतानलाई ध्वस्त पारिदिनेछ भन्ने जनाउ हो। सैतानका सबै मुकुण्डोहरूलाई उहाँले उघारी दिनुभयो। सैतानका चर्तिकला वा कामको सिलसिला स्वर्गदूतहरू र जगतका सामु येशूले भण्डाफोर गर्नुभयो। सैतानको असली रूप येशूले खोलिदिनुभयो।.......यस संसारका अन्धकारका शक्तिहरूको आधिकारिक निकायहरू र अख्तियारहरूलाई येशूले क्रुसमाबाट खोसी दिनुभयो। ठिक वा धर्मीको खिलाफमा प्रयोग गरिने तिनीहरूका अस्त्रहरूलाई येशूले निष्क्रिया पारिदिनुभयो।" द एसडिए बाइबल कमेन्टरी, ठेली ७, पृ. २०५बाट रूपान्तरित।**

सैतानका अस्त्रशस्त्रहरूलाई सार्वजनिकरूमा ख्रीष्टले भण्डाफोर गर्नुभयो (रूपान्तरित)। क्रुसमा ती शक्तिहरूको सार्जनिक रूपमा भण्डाफोर कसरी गरियो त? तिनीहरूको स्वभाव कसरी स्पष्ट पारियो त? यूहन्ना ८:४४ पढ्नुहोस्।

**ख्रीष्टले तिनीहरूसँगको युद्ध जित्नुभयो भनेर माथिको पदले भन्दछ। त्यो कामलाई बुझाउन ग्रीक भाषामा थ्रिआमबुयो (thriambeuo) शव्द प्रयोग गरिएको छ। यसको अर्थ सफलता पाउनु र उत्सव मनाउनु हो। यद्यपि, अत्यन्त गहकिलो रहस्य त त्यहाँ छ नैः हारिएको योद्धा जस्तै येशू क्रुसमा महाकष्ट पाएर झुण्डिन पुग्नु भयो। अनि बाइबलले त्यसलाई विजय भन्छ रे ? विजयको अर्थ जे भएतापनि परमेश्वरको पुत्रको हत्या गर्ने सैतान त येशूले भन्नुभए बमोजिम हत्यारा पो रहेछ भनेर उसको स्वभाव सबैको सामु उदाङ्गिएको थियो।**

**क्रुसकै कारणले यस पृथ्वीलाई तहसनहस पार्ने वा मानिसलाई आफ्नो काबुमा राखेर नास गर्न खोज्ने सैतान र उसको फौजहरूलाई एक दिन पूर्ण रूपमा सखाप पार्नेछ। अन्धकारका सबै शासन, शक्ति र अख्तियारको अन्त्य ख्रीष्टले गर्नुहुने बेलामा तिनीहरूको सखाप हुने छ (१**

कोरन्थी १५:२४)। अनि सम्पूर्ण सृष्टिको अन्तिम शत्रु मृत्यु सदाको निम्ति अन्त गरिने छ (१ कोरन्थी १५:२६)। त्यत्तिञ्जेलसम्म हामी विश्वासको संघर्ष गरिरहनुपर्दछ। त्यो संघर्षको निम्ति चाहिने शक्ति परमेश्वरले दिनुहुन्छ, तर त्यसलाई मात्र जसले उहाँमा त्यो दावी गर्दछ।

खीष्टको मृत्युपछि, "आफूले के लुकाउन खोजेको छ सो च्यातिदिएको सैतानले देखे। पतिन नभएका स्वर्गदूत र सारा जगतका सामु उसको दुष्ट कामहरूको भण्डाफोर गरिएको थियो। ऊ हत्यारा भएको आफैले देखाइदिए।

परमेश्वरको निर्दोष पुत्रको रगत बगाएर सैतानमाथि भएका स्वर्गदूतहरूका सहानुभूति सैतान आफैले जरैदेखि उखेलिदिए। त्यसबेलादेखि सैतानका क्रियाकलापहरूलाई सिमित पारिदियो। सैतानको जुनसुकै मनस्थिति भएतापनि अब परमेश्वरको परिसरबाट उब्जिएका स्वर्गदूतको पवित्र स्वभावबाट ऊ फुत्कियो। खीष्टका दाजुभाइदिदिवहिनीहरू पापले फोहर भएको वा उनीहरूका पोसाक कालो भइसक्यो भनेर सैतानले दोष दिन नसक्ने भइसकेको थियो। स्वर्गका राज्यहरू र उसँग भएको सहानुभूतिका अन्तिम सम्वन्ध क्रुसमा तोडिएको थियो।

"तर उत्तिखेरै सैतानको नास भएको थिएन। येशू र सैतानको बीचमा भएको महान् मतभेदको संघर्षमा के के सम्मिलित भएको थियो भनेर स्वर्गदूतहरूले त्यत्तिखेर बुझेका थिएनन्। उसका सारा चर्तिकलाहरू पूर्णरूपमा उदाङ्ग पारिनु आवश्यक थियो। मानिसकै हितको निम्ति सैतानको जीवनले निरन्तरता पाउनु परेको थियो। ज्योतिका राजकुमार (येशू) र अन्धकारका राजकुमार (सैतान)को बिचमा कस्तो अन्तर रहेछ भनेर मानव जात र स्वर्गदूतहरूले देख्नु अत्यावश्यक थियो। कस्को पक्षमा आफू उभिएको छ वा उभिन चाहन्छ वा कसको सेवामा आफू लागिरहेको छ वा सेवा गर्न चाहन्छ, सो प्रत्येक व्यक्तिले चुन्नै पर्दछ।"- एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज,* पृ. ७६१बाट रूपान्तरित।

**उपसंहार:**

थप जानकारी: एलेन जी. ह्वाइटको यी सामग्रीहरू पढ्नुहोस्: *फन्डामेन्टल अभ क्रिश्चियन एडुकेशन*को पृ. १३६मा उल्लेखित लेख, "द बुक अभ

बुकस्", *द स्टोरी अभ रिडेम्पशन*को पृ. ३९४, ३९५को लेख "स्प्रिचुयलिजम्" र *द ग्रेट कन्ट्रोभर्सी* पृ. ५११-५१७को "एजेन्सी अभ इभिल स्पिरित" लेख।

"मानिसको प्रत्यक्ष्य आँखाले नदेखेका युद्ध चलिरेको छ। परमेश्वरको फौजले मानिसहरूलाई उद्धार गर्न प्रयास गरिरहेकाछ्न्। सैतान र उसका फौजले पनि मानिसलाई नाश गर्न र धोका दिन भरमग्दुर प्रयास गरिरहेकाछ्न्......त्यो संघर्ष दिन दिनै चलिरहेको छ। असल र खराबको बीचमा भइरहेको संघर्षमा फौजहरू कसरी लागिरहेकाछ्न् भनेर यदि हाम्रो आँखाले देख्न सकेको भए मानिसहरू व्यर्थमा लाग्ने थिएन। ख्याल ठट्टा वा रमाइलोमा नलागी मानिस गम्भिर हुने थिए होला। अन्धकारका राज्यहरूलाई हल्लाउन र विजयको फायद उठाउन कोहि चाहन्छ भने परमेश्वरका सबै अस्त्रहरूलाई भिदेर उहाँको लडाईंमा बहादुरीकासाथ सबै लड्नु पर्दछ।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ६, पृ. ४१बाट रूपान्तरित।

"जब मानिसहरू परमेश्वरसँग मिलेर काम गर्दछन् तब क्रुससँग भएको आक्रमण रोकेको रहेनछ भनेर पत्ता लगाउनेछन्। जो मानिसहरू स्वर्गका व्यवस्था वा दश आज्ञाको पक्षमा उभिन्छन् तब उच्च स्थानमा रहेका खराब स्वर्गदुत र दुष्ट आत्माहरू तिनीहरूको विपक्षमा उभिन पङ्क्तिमा लागेका हुन्छन्। त्यसकारण परमेश्वरको विरुद्धमा आक्रमण गरिन्दा ख्रीष्टका भक्तहरू दुःखी हुनुको सट्टा आनन्दित हुनुपर्दछ किनभने तिनीहरू तिनीहरूको स्वामीको पाइलामा हिँडेको प्रमाणित गर्दछ।"-एलेन जी ह्वाइट, *थटस् फ्रम द माउन्ट अभ ब्लेशिङ्ग,* पृ. २९,३०बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. हिब्रू २:१४,१५ ध्यानदिएर हेर्नुहोस्। मृत्यु भनेको दासत्वमा रहनु हो भनेर स्पष्ट रूपमा यहाँ चित्रण गरिएको छ। मृत्युप्रति हामी डराउनुपर्ने कारण पनि सोच्नुहोस्। मृत्युदेखि हामी कित त्यस्तरी डराउनुपर्ने? डरले भनेको दास बनाउने एक तत्व हो भनेर कसरी

थाहा पाउने? ख्रीष्टमा स्वतन्त्र भएका येशूभक्तहरूले मृत्युको बारेमा कस्तो सोच्नुपर्दछ?

आ. कतिपय मानिसहरूको निम्ति सैतानका फौजहरू भनेको मनगढन्ते र मूर्ख कुरा हो भनेर तर्क गर्दछन्। अरूको निम्ति फेरि तिनीहरूको पूरा जीवन सैतानले नियन्त्रण गरेको छ भनेर त्रसित पार्ने हुन्छ। येशूभक्त भएको हैशियतले सैतानका दूत वा आत्माहरूको बारेमा संतुलन धारणा कसरी राख्ने र फेरि त्यस समय तिनीहरूसँग भिंड्न ख्रीष्टले के गर्नुभयो भनेर बुझ्ने?

इ. संसारका आधिपत्य वा शक्तिहरू दुष्ट वा सैतानको समूहको मातहतमा छ भन्ने केहि प्रमाणहरू तपाईंलाई थाहा छ?

ई. क्रुसमा ख्रीष्टले विजय पाउनु भएपनि यस संसारको इतिहासमा निरन्तररूपमा खराबको प्रभाव कसरी परिहेको छ भनेर येशू र सैतानको वीचमा भइरहेको महान् मतभेदको युद्धको ज्ञानले सिकाउँदछ?